**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २५४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज १२ गते सोमबार ❑ 28 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरामा पर्यटकसँगै मनाइयो विश्व पर्यटन दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

देशभर परेको अविरल वर्षा र प्राकृतिक विपत्तिका कारण पोखरामा पर्यटकको चहलपहल सुनसानजस्तै भएका बेला पनि सीमित पर्यटकसँगै विश्व पर्यटन दिवस मनाइएको छ।

पोखरा आउने अधिकांश सडक मार्ग प्रभावित हुनुका साथै देशका विभिन्न स्थानमा भएको प्राकृतिक विपत्तिको असर पर्यटन क्षेत्रमा परेपछि पर्यटक आगमन घटेको हो। पर्यटकको संख्या न्यून भए पनि पर्यटन व्यवसायीले प्रतिकूल परिस्थितिमा पनि पोखरा सुरक्षित र पर्यटकको स्वागतका लागि तयार रहेको सन्देश दिन विभिन्न कार्यक्रम सहित विश्व पर्यटन दिवस मनाएका हुन्। विश्व पर्यटन दिवसको अवसरमा रेष्टुरेण्ट एण्ड बार एसोसिएसन (रेवान) पोखराले आइतबार लेकसाइडमा आयोजना गरेको 'विश्व पर्यटन दिवस मिनी सडक महोत्सव-२०८३' सम्पन्न भएको छ। साँझदेखि राति १० बजेसम्म सञ्चालन भएको महोत्सवमा विभिन्न सांस्कृतिक, मनोरञ्जनात्मक तथा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम प्रस्तुत गरिएका थिए। महोत्सवका संयोजकले सहभागी तथा पाहुनालाई स्वागत गर्दै प्रतिकूल मौसमका बीच पनि कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरेका थिए। महोत्सवका कारण केही हदसम्म भए पनि लेकसाइड क्षेत्रमा चहलपहल बढेको व्यवसायीहरूले बताएका छन्।



असोज ९ गतेदेखि लगातार परेको वर्षा आइतबार बिहान करिब १० बजेदेखि रोकिएर मौसम खुलेको थियो। लामो समयपछि मौसम खुलेसँगै घुम्न आएका पाहुनालाई पोखराले समेत स्वागत गरिरहेको अनुभूति भएको पर्यटन व्यवसायीहरूले बताएका थिए। महोत्सवको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पोखराको पर्यटकीय गतिविधि पोखरा-६ लेकसाइडमा मात्र केन्द्रित गर्न नहुने बताउनुभयो। पर्यटकले खोजेअनुसारको सेवा र सुविधा उपलब्ध गराउनुपर्नेमा जोड दिँदै उहाँले पर्यटकलाई आफूले दिन चाहेको सेवा नभई उनीहरूको इच्छा र आवश्यकता अनुसारको सेवा उपलब्ध गराउनुपर्ने बताउनुभयो। "पोखरामा आउने पर्यटकलाई हामीले दिने सेवा होइन, उनीहरूको इच्छाअनुसारको सेवा उपलब्ध गराउन सक्नुपर्छ," उहाँले भन्नुभयो। मेयर आचार्यले केही समयपछि पोखरामा विद्युतीय सवारीसाधन मात्रै सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिनुभयो। पोखरामा हाल सञ्चालनमा रहेका ७ सय ३२ माइक्रोबसलाई विस्थापन गर्दै सार्वजनिक सवारीसाधनमध्ये २ सय ३२ वटा विद्युतीय बस सञ्चालनको तयारी गरिएको उहाँले बताउनुभयो।

पोखरालाई एक पटक आएर जाने नभई पटक-पटक आउन चाहने गन्तव्यका रूपमा ब्रान्डिङ गर्नुपर्नेमा जोड दिँदै मेयर आचार्यले पर्यटन क्षेत्रमा मार्केटिङ र लगानी बढाउनुपर्ने बताउनुभयो। "हामी धेरै कन्फर्ट जोनमा बसिरहेका छौँ, यसरी पार लाग्दैन," उहाँले भन्नुभयो, "पोखराको पर्यटन विकासका लागि मार्केटिङ, लगानीलगायतका विषयमा केन्द्रित हुनुपर्छ।" पोखराको पर्यटनलाई लेकसाइडमा मात्र सीमित नराखी विश्वभरका नेपालीले आफ्नो घरठेगाना बताउँदा 'पोखरा' भन्ने गरी पोखराको पहिचान विस्तार गर्नुपर्ने उहाँको भनाइ थियो। "पर्यटकीय स्थल लेकसाइड मात्र होइन, अमेरिकामा होस् वा युरोपमा, घर कहाँ हो भनेर सोध्दा पोखरा भन्ने अवस्था सिर्जना गर्नुपर्छ," उहाँले भन्नुभयो।

मेयर आचार्यले पोखरामा सबै प्रकारका पर्यटकलाई स्वागत गर्नुपर्नेमा पनि जोड दिनुभयो। पाँचतारे होटलमा बस्ने पर्यटकदेखि होमस्टेमा बस्न रुचाउने पर्यटकसम्मलाई पोखराले सेवा दिन सक्नुपर्ने उहाँको भनाइ थियो। यसैगरी, नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले देशको विषम परिस्थितिका बीच आयोजना गरिएको एकदिने मिनी सडक महोत्सवले पोखरा पर्यटनका लागि खुला र सुरक्षित रहेको सकारात्मक सन्देश दिएको बताउनुभयो। लगातारको वर्षाका कारण देशका अधिकांश राजमार्ग अवरुद्ध हुँदा पर्यटक घुमघाममा निस्कन नसकिरहेको अवस्थामा पनि महोत्सव आयोजना गर्नु प्रशंसनीय भएको उहाँले बताउनुभयो। पर्यटन क्षेत्रलाई चलायमान बनाउन यस्ता अभियानमा सबै पक्षले सहयोग गर्नुपर्ने उहाँको भनाइ थियो।

विश्व पर्यटन दिवस २०२६ को मूल सन्देश 'पर्यटनलाई पुनःपरिकल्पना गर्न डिजिटल एजेन्डा र कृत्रिम बुद्धिमत्ता' लाई आत्मसात् गर्दै आयोजना गरिएको महोत्सवमा पोखराको पर्यटन, स्थानीय कला-संस्कृति, मौलिक खानाका परिकार तथा आतिथ्य प्रस्तुत गरिएको थियो। महोत्सवको मुख्य उद्घाटन कार्यक्रम अम्मट क्षेत्रमा गरिएको थियो। त्यसपछि मुख्य स्टेजमा विभिन्न सांस्कृतिक नृत्य तथा मनोरञ्जनात्मक कार्यक्रम प्रस्तुत गरिएका थिए। सेन्टर प्वाइन्ट चोकस्थित चौतारामा साँझ ५ बजेदेखि राति १० बजेसम्म गन्धर्व गायनलगायतका कार्यक्रम सञ्चालन गरिएको थियो भने लेकसाइड स्ट्रिट नम्बर ४ र ५ बीचको क्षेत्रमा समेत सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको रेवान पोखराका अध्यक्ष बसन्त गौतमले बताउनुभयो। महोत्सवका कारण सुनसानजस्तै रहेको लेकसाइड क्षेत्रमा केही हदसम्म चहलपहल बढेको व्यवसायीहरूको भनाइ छ। पर्यटक आगमन घटेको अवस्थामा पनि महोत्सवले पर्यटन व्यवसायी, स्थानीय कलाकार तथा पर्यटन क्षेत्रलाई चलायमान बनाउन सहयोग गरेको उनीहरूले बताएका छन्।

यसैबीच, पोखरा पर्यटन परिषद्, नाट्टा गण्डकीलगायत पर्यटनसँग सम्बन्धित संघसंस्थाले पोखरा आएका पर्यटकलाई खादा तथा मालाले स्वागत गरेका थिए। फ्लाई दुबईमार्फत पोखरा आएका पाहुनालाई पोखरा अन्तर ाष्ट्रिय विमानस्थलमै पुगेर पर्यटन व्यवसायीले स्वागत गरेका थिए। पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले पछिल्ला दिनमा परेको भारी वर्षाका कारण पोखरा जोड्ने अधिकांश सडक मार्ग अवरुद्ध हुँदा पर्यटक आगमनमा प्रत्यक्ष असर परेको बताउनुभयो। भोटेकोशीमा आएको बाढी तथा देशका विभिन्न स्थानमा भएको प्राकृतिक विपत्तिको प्रभावसमेत पोखराको पर्यटन क्षेत्रमा परेको उहाँले जनाउनुभयो। "यस वर्ष विश्व पर्यटन दिवसको समयमा पोखरामा पर्यटकको चहलपहल अपेक्षाकृत कम छ," उहाँले भन्नुभयो, "तर यस्तो अवस्थामा पनि पोखरा पर्यटकको स्वागतका लागि तयार छ भन्ने सन्देश दिन हामीले कार्यक्रमलाई निरन्तरता दिएका हौँ।" नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत जयशक्ति सराफले विश्व पर्यटन दिवसका अवसरमा आयोजना हुने यस्ता कार्यक्रमले पोखराको आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताउनुभयो। रेवान पोखराका महासचिव वीरेन्द्र शेरचनले पर्यटन विकास र प्रवर्द्धनका लागि सबै क्षेत्रको साथ र सहयोग आवश्यक रहेको बताउनुभयो।

**पर्यटन प्रवर्द्धन गरौं**

◆ नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
◆ कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
◆ स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
◆ पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
◆ पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
◆ पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं,
◆ सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## मनाङको तालगाउँ डुबानमा

**पोखरापत्र संवाददाता**
मनाङ, ११ असोज

अविरल वर्षापछि मर्स्याङ्दी नदीमा आएको बाढी मनाङको नार्सों गाउँपालिका-१ तालगाउँ डुबानमा परेको छ।

गाउँमा बाढी पसेपछि ताल गाउँजवासी स्थानीयको घर र स्वास्थ्य चौकीमा बस्न बाध्य भएका छन्। लगातारको वर्षापछि मर्स्याङ्दीको जलसतह बढेर गाउँमा बाढी पस्दा एक मात्र बाढीले प्रभाव नपारेको स्थानीयको घर र स्वास्थ्य चौकीमा बस्न बाध्य भएको नार्सों-१ का वडाध्यक्ष मीनर ासी गुरुङले जानकारी दिनुभयो। "हिजोसम्म ठीकै थियो, रातिभर पानी परेपछि भने तालगाउँमा पानी पसेको छ। अहिले स्थानीय आन्द्रे गुरुङ र स्वास्थ्य चौकीमा स्थानीयवासीसहित हामी बसेका छौँ", उहाँले भन्नुभयो, "उद्धारका लागि कोही पनि आउने अवस्था छैन। मर्स्याङ्दी पार नगरीकन हुँदैन। यसपटक तालगाउँ डुबान पऱ्यो।" हालसम्मका लागि सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कुनै पनि माध्यम नभएको वडाध्यक्ष गुरुङले बताउनुभयो। ६४ घरधुरीको बसोबास रहेको तालगाउँ डुबानमा परेको उहाँले बताउनुभयो। गुरुङका अनुसार निरन्तरको वर्षासँगै विभिन्न ठाउँमा विद्युतीय पोलमा क्षति हुँदा विद्युत् आपूर्ति र सञ्चार नै अवरुद्ध भएको छ। विसं २०७८ जेठ १४ र असार १ गते मर्स्याङ् दीमा आएको बाढी गाउँ पूर्ण

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कांग्रेसको देउवा पक्षीय समूह पनि समानान्तर महाधिवेशनको तयारीमा

**रासस**
काठमाडौं, ११ असोज

नेपाली कांग्रेसको महाधिवेशन प्रक्रिया जारी रहेको अवस्थामा त्यसप्रति विमति जनाउँदै पूर्वसभापति शेरबहादुर देउवा पक्ष पनि पार्टीको समानान्तर महाधिवेशनमा जुटेको छ।

यही असोज १६ देखि १९ गतेसम्म काठमाडौँमा हुने महाधिवेशनका क्रममा जारी प्रतिनिधि छनोट प्रक्रिया रोकेर वार्ता र सहमतिका आधारमा आगामी महाधिवेशन संयुक्त रुपमा गर्नुपर्ने माग सुनुवाइ नभएको भन्दै सो समूह पनि कार्यतालिकासहित महाधिवेशनमा जुटेको हो। देउवा पक्षीय समूह १४औँ महाधिवेशनबाट निर्वाचित भएको कार्यसमिति नै आधिकारिक भएको दाबी गर्दै संस्थापन पक्षले आह्वान गरेको जारी महाधिवेशन प्रक्रियामा सहभागी भएको छैन। सो समूहका संयोजक डा शशाङ्क कोइरालाले आगामी मङ्सिर २१ देखि २३ गतेसम्म काठमाडौँमा १५औँ महाधिवेशन गर्ने निर्णयसहित यही असोज १५ गतेबाट वडा अधिवेशन सुरु हुने बताउनुभयो। देउवा समूहले आगामी बिहीबारदेखि वडा अधिवेशन सुरु गर्ने र त्यसका लागि ५६ जिल्लामा निर्वाचन संयोजक तोकिएको जनाएको छ। कांग्रेसको आधिकारिकतासम्बन्धी विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेको तर्क गर्दै अहिले महाधिवेशन गर्न नहुने पक्षमा रहेको सो समूहको मागलाई बेवास्ता गर्दै असोज ३ गतेबाट प्रतिनिधि छनोट प्रक्रियामा होमिएको संस्थापन पक्ष अहिले १५औँ महाधिवेशनको अन्तिम तयारीमा जुटेको छ। यसैबीच, आसन्न महाधिवेशनका क्रममा देउवा समूहद्वारा गठित सदस्यता व्यवस्थापन केन्द्रीय समितिले क्रियाशील सदस्यताको विवरण केन्द्रीय निर्वाचन समितिलाई बुझाएको नेता डा प्रकाशशरण महतले जानकारी दिनुभयो।

क्रियाशील सदस्यता व्यवस्थापन समितिका संयोजक किरणराज शर्मा पौडेलले निर्वाचन समितिका संयोजक एकराज पोखरेललाई क्रियाशील सदस्यताको विवरण शनिबार हस्तान्तरण गरेको जानकारी दिनुभयो। संयोजक पौडेलले यही असोज ९ गतेसम्म वितरण र नवीकरण गरिएका क्रियाशील सदस्यताको विवरण निर्वाचन समितिलाई बुझाइएको र कूल सदस्य सङ्ख्या सात लाख ८३ हजार ८३६ रहेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यसमध्ये पाँच लाख ७३ हजार ३६९ पुरानो सदस्यता नवीकरण र दुई लाख १० हजार ६६७ नयाँ क्रियाशील सदस्यता रहेको छ।"

संयोजक पौडेलले भन्नुभयो, "पहिला पार्टीले महामन्त्री गगन थापालाई यो जिम्मेवारी दिएकोमा समयमै क्रियाशील सदस्यता नटुङ्गिँदा समस्या आएको थियो, तर अहिले शेरबहादुर देउवाले मलाई जिम्मेवारी दिएपछि यसलाई समयमै टुङ्गो लगाएर हस्तान्तरण पनि गरिसकेको छु। अब समयमै महाधिवेशन हुन्छ, यसमा कुनै समस्या छैन।"

यसैगरी, देउवा समूहका नेता डा महतले भन्नुभयो, "हामी पार्टीभित्र एकताको महाधिवेशन गर्न चाहन्थ्यौँ, यसका लागि अन्तिमसम्म प्रयास पनि गरेका हौँ र सबै ढोका खुला राखेर कोसिस पनि गरेका हौँ। तर सम्भव नभएपछि आपत्कालीन मोडमा तयारीमा लागेका छौँ।"

## पहिरोले घर पुरिँदा पाँच जनाको मृत्यु, एक बेपत्ता

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ असोज

बागलुङमा पहिरोले घर पुरिँदा पाँच जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता भएका छन्।


अविरल वर्षाका कारण तमानखोला गाउँपालिकामा चार जनाको मृत्यु र एक जना बेपत्ता तथा निसीखोला गाउँपालिकामा एक जनाको मृत्यु भएको प्रहरी उपरीक्षक फणिन्द्र प्रसाईंले जानकारी दिनुभयो।

अविरल वर्षाका कारण तमानखोला गाउँपालिका-३ धर्नासुकमा घर पुरिँदा ८० वर्षीय बुद्धिराज घर्ती र ६६ वर्षीया भीमदेवी घर्तीको मृत्यु भएको हो।

यस्तै पहिरोले घर पुरिँदा तमानखोला गाउँपालिका-४ सन्तरका ५० वर्षीय हस्तविर श्रीपाली र ६५ वर्षीया उडिसरा श्रीपालीको मृत्यु भएको छ। सोही पहिरोमा परेर हस्तविर श्रीपालीकी श्रीमती बेपत्ता हुनुभएको छ।

यसैगरी पहिरोले गोठ पुरिँदा निसीखोला गाउँपालिका-६ रङ्गिलमा ५० वर्षीय सूर्यबहादुर घर्तीको मृत्यु भएको प्रहरी उपरीक्षक प्रसाईंले जानकारी दिनुभयो।

**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# फ्लाइ दुबईको पोखरा–दुबई उडान उत्साहजनक

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज

गत बुधबारदेखि सुरु भएको फ्लाइ दुबईको दुबई-पोखरा-दुबई नियमित उडान शनिबार चौथो दिनमा पनि उत्साहजनक रह्यो ।

शनिबार साँझ ६:०५ बजे १५६ यात्रुसहित पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण गरेको फ्लाइ दुबईको जहाजले पोखराबाट ८३ यात्रु लिएर दुबई फर्केको विमानस्थलका सूचना अधिकारी विनोदसिंह रावतले जानकारी दिनुभयो। यसअघि गति बिहीबार दुबईबाट फ्लाइ दुबईमार्फत १२२ यात्रु पोखरा अतवरण गरेका थिए । पोखराबाट १४३ यात्रु उक्त जहाजबाट दुबई गएका थिए । शुक्रबार भने खराब मौसमका कारण पोखरा-दुबई उडान रद्द भएको थियो। बुधबार पहिलो उडानबाट ११३ यात्रु दुबईबाट पोखरा आएका थिए। फर्कँदा उक्त जहाजले पोखराबाट १५२ यात्रु लिएर गएको थियो।

यस उडानलाई प्रभावकारी र दिगो बनाउन कस्सिएका पोखराका पर्यटन व्यवसायीलगायत सम्बद्ध पक्ष सुरुआतका दिनमा यात्रु सङ्ख्या देखेर उत्साहित छन् । पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले पोखरा-दुबई उडानको सुरुआती सङ्केत सकारात्मक र उत्साहजनक रहेको बताउनुभयो । "यात्रुको बुकिङ पनि राम्रो छ, टुर्स एन्ड ट्राभल्स व्यवसायीहरू पनि खुसी हुनुहुन्छ", उहाँले भन्नुभयो, "यस उडानबाट आउने यात्रुलाई लक्षित गरी होटल, रेष्टुराँले छुट योजना ल्याएका छन् ।" फ्लाइ दुबईको हरेक दिन साँझ ६:१५ बजे पोखरा अवतरण र साँझ ७:१५ बजे दुबई प्रस्थानको तालिका रहेको विमानस्थलका सूचना अधिकारी रावतले जानकारी दिनुभयो । फ्लाइ दुबईले १६५ यात्रु क्षमताको बोइङ ७३७ म्याक्स ८ जहाजबाट दुबई-पोखरा-दुबई उडान सुरु गरेको हो । पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित व्यावसायिक उडान सुरु गर्ने फ्लाइ दुबई पहिलो वायुसेवा कम्पनी हो । यसअघि केही वायुसेवा कम्पनीले पोखराबाट अन्तरराष्ट्रिय चार्टर उडान गरेका थिए । यो उडान सुरु भएसँगै दुबईलाई ट्रान्जिट बनाएर विश्वका धेरै मुलुकबाट सजिलै पोखरा आउन सकिने भएको छ । यसबाट पोखराको पर्यटन, व्यवसाय, रोजगारी र समग्र आर्थिक गतिविधिका महत्त्वपूर्ण टेवा पुग्ने विश्वास लिइएको छ । सन् २०२३ जनवरीदेखि सञ्चालनमा आएको यस विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडान हुनसकेको थिएन । सरकारले चालु आवको नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाइ दुबईले उडान सुरु गरेको हो। दुबई-पोखरा-दुबई उडानका लागि गत जेठ २५ गते नेपाल नागरिक उड्डयन प्राधिकरणले फ्लाइ दुबईलाई अनुमति दिएको थियो । सरकारले अन्तरराष्ट्रिय उडानका लागि वायुसेवा कम्पनीलाई आकर्षित गर्न यस विमानस्थलमा लाग्ने विभिन्न शुल्कमा छुट दिएको छ। विसं २०८५ भदौ मसान्तसम्मका लागि विमानस्थलमा पार्किङ, ल्यान्डिङ र नेभिगेसन शुल्क पूर्ण रूपमा छुट दिइएको छ। यस्तै, ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ५० प्रतिशत छुट दिने निर्णय सरकारले गरेको छ।

# मृतकको संख्या छ पुग्यो, तीन जना बेपत्ता

पोखरापत्र संवाददाता
म्याग्दी, ११ असोज

म्याग्दीमा पहिरोबाट ज्यान गुमाउनेको संख्या छ जना पुगेको छ भने तीन जना बेपत्ता भएका छन् ।

अन्नपूर्ण गाउँपालिकामा चार जना र मालिका गाउँपालिकामा दुई जनाको शव भेटिएको छ । म्याग्दीका प्रहरी नायब उपरीक्षक राजन कार्कीले बेनी नगरपालिकामा एक जना र अन्नपूर्ण गाउँपालिकामा दुई जना बेपत्ता भएका बताउनुभयो । पहिरोमा पुरिएका अन्नपूर्ण गाउँपालिका-५ गिवाङकी ७५ वर्षीया सिउकुमारी गर्बुजा, ५६ वर्षीया दोमाया गर्बुजा र पाँच वर्षीया जेनी पुनको शव भेटिएको उहाँले बताउनुभयो ।

प्रहरी नायब उपरीक्षक कार्कीका अनुसार मालिका गाउँपालिका-३ औलामा किरन पुन र देव बहादुर पुनको पहिरोमा पुरिएर मृत्यु भएको छ। अन्नपूर्ण गाउँपालिका-८ काफलडाडाका १९ वर्षीय सविन चोचाङ्गीको शव भेटिएको र २२ वर्षीय मनोज गर्बुजा बेपत्ता रहेका म्याग्दीका सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले बताउनुभयो । उहाँका अनुसार पहिरोमा परि बेपत्ता भएका बेनी नगरपालिका-३ भकिम्ली छेपारेका ३६ वर्षीया कुमारी वली विक र अन्नपूर्ण गाउँपालिका-३ फगामकी युमाया पाईजा बेपत्ता भएका छन्। पहिरोको जोखिममा रहेको अन्नपूर्ण गाउँपालिका-५ पाउद्धारका ७८ जनालाई नेपाली सेनाको हेलिकप्टर मार्फत शिखघारमा ल्याएर सुरक्षित ठाउँमा बसोबासको ब्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी गणेश गैरेले जानकारी दिनुभयो । अस्थायी शिवरमा राहत सामग्रीको पनि व्यवस्था मिलाइएको छ। भौगोलिक रुपमा विकट र दुर्गम क्षेत्र भएका, विद्युत, सञ्चार, सडक अवरुद्ध भएकाले घटनास्थलबाट जानकारी प्राप्त हुन, सुरक्षाकर्मी पुग्न, उद्दार, बेपत्ताको खोजीमा ढिलाई भएको प्रजिअ गैरेले बताउनुभयो ।

चार दिनको लगातारको झरिका कारण बाढी पहिरोले म्याग्दीमा विद्युत, सडक र सञ्चार सुविधा अवरुद्ध बनेको छ। बेनी-जोमसोम, बेनी-दरवाङ, बेनी-पाखापानी, बेनी-बागलुङ सडक अवरुद्ध भएका छन् । पर्वतको मालढुङ्गा स्थित कालीगण्डकी नदीमा रहेको सडक पुलको पहुँचमार्ग, सहश्रधारामा सडक कटान भएकाले म्याग्दी, बागलुङ र मुस्ताङको पोखरा-काठमाडौ लगायत सहरसँग यातायात सम्पर्क बिच्छेद भएको छ । आज दिउँसोदेखि वर्षा रोकिएको र नदीहरुमा बाढीको सतह घटेको बताउँदै प्रजिअ गैरेले सडक, विद्युत र सञ्चार सुविधा सञ्चालनका लागि पहल भइरहेको जानकारी दिनुभयो ।

# कास्की आइडल–२ को दोस्रो एलिमिनेसन राउन्ड सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज



नयाँ प्रतिभाको खोजी, पहिचान र प्रोत्साहन गर्ने उद्देश्यले सञ्चालन भइरहेको 'कास्की आइडल सिजन-२' को दोस्रो एलिमिनेसन राउन्ड सम्पन्न भएको छ ।

असोज १० गते सम्पन्न राउन्डबाट गायनतर्फ १५ जना र नृत्यतर्फ १५ जना गरी ३० जना प्रतियोगी अर्को चरणका लागि छनोट भएका छन् । रूपा वाङ्मय प्रतिष्ठानका अध्यक्ष, गीतकार प्रतिष्ठानका कोषाध्यक्ष तथा कास्की आइडल-२ का संयोजक आदर्श पोखरेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा लेखनाथ निर्माण व्यवसायी सङ्घका अध्यक्ष भीम नेपाली प्रमुख अतिथि रहेका थिए । कार्यक्रममा युवा व्यवसायी विजय सुनार, युवा वैज्ञानिक डा. निरञ्जन कोइराला, 'खोजी प्रतिभा'का विजेता ईश्वर थापा, खेलकुद क्षेत्रका सुरज अधिकारी (बज्र) तथा मोडल नवीन ढुङ्गाना, त्यस्तै लेखनाथ क्योकुसिन कान कराते डोजोका प्रशिक्षक विनोद नेगी विशेष अतिथि तथा अतिथिका रूपमा सहभागी थिए। दोस्रो एलिमिनेसन राउन्डमा प्रतियोगीहरूले गायन तथा नृत्य विधामा आफ्नो प्रस्तुति दिएका थिए। निर्णायकका रूपमा गायनतर्फ करण तामाङ र खेम लामा तथा नृत्यतर्फ उपेन्द्र गुरुङ र सुजित गुरुङ रहेका थिए।

गायनतर्फ छनोट भएका १५ जनामा मिलन विश्वकर्मा, प्रमेश गुरुङ, प्रताप रानाभाट, राजन सार्की, इडिभा खत्रीवडा, ओभिया गुरुङ, रहमान खान, बुद्धि तामाङ, सुमन भण्डारी, राज गुरुङ, अमृत गुरुङ, रोशनी विश्वकर्मा, मन्सा गुरुङ, एन्जल बी.क. र दिप्सन दर्जी ।

नृत्यतर्फ छनोट भएका १५ जनामा विनायक कुमाल, सबिना तामाङ, विपसा सुनार, तृप्ति गुरुङ, सिम्रन थापा, पविना पुन मगर, नोरा गुरुङ, जेनिसा परियार, गौमाया गुरुङ, जमुना गुरुङ, सहारा रानाभाट, स्मृति सुवेदी, प्रशंसा सापकोटा, सुमिना कुमाल र अञ्जना रम्तेल ।

कार्यक्रमको सञ्चालन सुस्मिता बास्तोला र साँझ क्रिएसन्सका अध्यक्ष झलककुमार गुरुङले गरेका थिए । अब प्रतियोगिताको तेस्रो एलिमिनेसन राउन्ड असोज १७ गते हुनेछ । त्यसपछि उत्कृष्ट प्रतियोगीहरू अन्तिम प्रतिस्पर्धातर्फ अघि बढ्नेछन् । प्रतियोगिताको ग्रान्ड फिनाले कार्तिक १४ गते सभागृह हलमा आयोजना हुने आयोजकले जनाएको छ । गायन र नृत्य दुवै विधाबाट सुरु भएको प्रतिस्पर्धा अब क्रमशः संकुचित हुँदै गएसँगै असोज १७ गतेको एलिमिनेसन राउन्डमा कुन प्रतिभाले आफ्नो यात्रा निरन्तरता दिन्छन् भन्ने चासो बढेको छ।

# मनाङको ...

रुपमा डुबान परेको थियो । गाउँ डुबानमा परेपछि बगर बनेको थियो । नार्सौं-७ र ८ जोड्ने मर्स्याङ्दी नदीमाथिको झोलुङ्गे पुल बाढीले बगाएको नार्सौं-८ का वडाध्यक्ष याद घलेले जानकारी दिनुभयो। उहाँका अनुसार बाढीले पुल बगाएपछि स्थानीयवासी आवतजावत अवरुद्ध भएको छ । चामे गाउँपालिका-४ स्थित तीन घरसमेत घट्टेखोलामा आएको बाढीले क्षति पुगेको स्थानीय फुर्वा लामाले जानकारी दिनुभयो । स्थानीयलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । चामेको घट्टेखोलाको बाढीले जोखिम बढी भएको छ। मर्स्याङ्दी नदी तथा खाना घट्टेखोलामा आएको बाढीले मनाङको सदरमुकाम चामे र तालगाउँ लगायतका स्थान जोखिम बढेको छ।

# सेतीवेणी बजारका २६ घर डुबानमा, प्रभावितलाई विद्यालयमा राखियो

पोखरापत्र संवाददाता
वालिङ, ११ असोज

अविरल वर्षासँगै कालीगण्डकी नदी र सेतीखोलामा आएको बाढीका कारण सेतीवेणी बजार डुबानमा परेको छ । स्याङ्जा, पर्वत र गुल्मीको सीमामा रहेको कालीगण्डकी नदी र सेतीखोलाको किनारमा अवस्थित सेतीवेणी बजार डुबानमा परेको हो ।

चार दिनदेखि निरन्तर रुपमा परेको वर्षासँगै कालीगण्डकी नदी र सेतीखोलामा आएको बाढीले स्याङ्जाको गल्याङ नगरपालिका-५ तर्फको बजारका १७ घरमा क्षति पुगेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी रमेशदत्त अवस्थीले जानकारी दिनुभयो । त्यस्तै, पर्वततर्फका नौ घरमा क्षति पुगेको गल्याङ-५ का वडाध्यक्ष घनश्याम भट्टराईले बताउनुभयो । "स्याङ्जातर्फका १७ घरमा बाढी पस्दा घरहरू भत्किनुका साथै डुबानमा परेका छन्", उहाँले भन्नुभयो, "गएराति २:०० बजेतिरदेखि नदी तथा खोलामा बहाव बढेसँगै स्याङ्जा र पर्वततर्फका बाढी प्रभावितलाई पर्वततर्फको शालिग्राम मावि परिसरमा राखिएको छ ।" विद्यालयमा आश्रय लिएर बसेका बाढी प्रभावितलाई तत्काल खानपान तथा आश्रयको व्यवस्थापन मिलाइएको उहाँले बताउनुभयो। बाढीका कारण मानवीय क्षति नभएपनि केही पशुचौपाया भने नदीले बगाएर लगेको उहाँको भनाइ छ। बजार डुबानमा परेपछि अहिले त्यहाँको जनजीवन प्रभावित बनेको छ । बाढीका कारण विश्व विराट शालिग्राम शीला डुबानमा परेको छ । कालीगण्डकी नदीमा आएको बाढीका कारण स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ मा मिर्मीमा रहेको कालीगण्डकी ए जलविद्युत् परियोजनाका सबै ढोका खोलेर विद्युत उत्पादन बन्द गरिएको छ। नदीमा आएको बाढीले आज बिहान मिर्मीस्थित स्याङ्जा र गुल्मीलाई जोड्ने मोटरेबल पुलसमेत बगाएको थियो।

# पहिरोले तनहुँका १८ घरमा क्षति

पोखरापत्र संवाददाता
दमौली, ११ असोज

केही दिनदेखि परेको वर्षाका कारण तनहुँका १८ घरमा क्षति पुगेको छ। वर्षाका कारण घरहरू भत्किएका छन् भने कतिपय घर बस्न नमिल्ने गरी क्षतिग्रस्त बनेका छन् ।

म्याग्दे गाउँपालिका-२ जामुनेमा अविरल वर्षाका कारण बगरसहितको लेदो बस्तीमा खसेर स्थानीय खिमादेवी विकको दुईतले पक्की घरमा क्षति पुगेको छ । आइतबार बिहान घरमाथिको बारीबाट आएको लेदोले घरमा क्षति पुऱ्याएको प्रहरी नायब उपरिक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिनुभयो । घटनाको जानकारी पाएलगत्तै प्रहरी टोली घटनास्थलमा पुगेको थियो । जोखिमलाई मध्यनजर गर्दै खिमा देवीसहित परिवारलाई छिमेकीको घरमा सुरक्षित स्थानान्तरण गरिएको उहाँले बताउनुभयो । घिरिङ गाउँपालिका-१ पुट्टारस्थित गुहिया खोलामा आएको बाढीले खोलाको धार परिवर्तन गर्दा स्थानीयको घरमा पानी पसेको छ । आज बिहान आएको बाढीले भुमलाल दरैको घरसहित अन्य चार वटा ढुङ्गा-माटोले बनेका कच्ची घरको तल्लो तलामा पानी पसेको हो।

घरहरू जोखिममा परेको सूचना प्राप्त भएपछि प्रहरी चौकी पुट्टारबाट प्रहरी टोली घटनास्थलमा पुगेको थियो। प्रहरीले जोखिममा रहेका घरका परिवारका सदस्यलाई सुरक्षित स्थानमा सारेको जनाएको छ। घटनामा मानवीय तथा पशुचौपायाको क्षति नभएको प्रहरीले जनाएको छ। यस्तै ऋषिङ गाउँपालिका-१ धोक्लोमा पहिरोले दुई वटा कच्ची घरमा क्षति पुऱ्याएको छ । आज बिहान ६:३० बजे घरभन्दा करिब एक सय मिटर माथिबाट लेदो, माटोसहितको पहिरो खस्दा भित्री सडकको नाला थुनिएर लेदोमाटो र पानी घरभित्र पसेको हो । पहिरोका कारण जितबहादुर राना र डम्बरबहादुर रानाको ढुङ्गा माटोले बनेको एकतले कच्ची घरमा क्षति पुगेको छ। घरमा रहेका सामान तथा लत्ताकपडा क्षति भए पनि मानवीय तथा पशुचौपाय क्षति नभएको प्रहरीले जनाएको छ। घटनापछि घरमा बसोबास गर्ने परिवारका सदस्यलाई सुरक्षित स्थानमा सारिएको छ । घटनास्थलमा अस्थायी प्रहरी पोस्ट झापुटारबाट प्रहरी टोली खटिएको छ । बन्दीपुर गाउँपालिका-४ ठूल्दुङ्गास्थित नीरज श्रेष्ठको एकतले कच्ची घरको पछाडिको भाग पहिरोले क्षति पुगेको छ। घरमा बसोबास गर्ने परिवारका सदस्यलाई सुरक्षित स्थानतर्फ सारिएको प्रहरीले जनाएको छ । व्यास नगरपालिका-१४ कैजलेमा दुई घरमा पहिरोले क्षति पुगेको छ। स्थानीय दलबहादुर परियार र सोविता परियारको घरमा क्षति पुगेको छ । उनीहरुको सामग्री प्रहरीले सुरक्षित स्थानमा सारिएको प्रहरी नायब उपरिक्षक घिमिरेले जानकारी दिनुभयो।

भानु नगरपालिका-२ शिवालय टोलमा लेदोसहितको पहिरोले दुई घरमा क्षति पुऱ्याएको छ । स्थानीय ४८ वर्षीय विक्रम परियारको ढुङ्गामाटोले बनेको एकतले कच्ची घरको एकतर्फी गाह्रो भत्किएको छ । सोही स्थानका २१ वर्षीय राजन सुनारको एकतले कच्ची घरसमेत जोखिममा परेको प्रहरीले जनाएको छ । भानु नगरपालिका-१३ ठूलढुङ्गामा पहिरोले एक भान्साघर पूर्ण रूपमा क्षति पुऱ्याएको छ । हस्तमाया गुरुङको जस्तापाताको छाना र ढुङ्गा माटोले बनेको भान्साघरमा आँगनबाट पहिरो खसेको हो । पहिरोले भान्साघर पूर्ण रूपमा क्षति हुँदा घरभित्र रहेका अन्नपात तथा भाँडावर्तनसमेत पुरिएर क्षति भएको प्रहरीले जनाएको छ । व्यास नगरपालिका-१० डिहीगाउँमा पहिरोले घर बगाउँदा एक परिवार विस्थापित भएको छ । स्थानीय तिलबहादुर विकको इँटाले बनेको एकतले कच्ची घरभन्दा करिब ३० मिटर माथिबाट पहिरो खसेर घर पूर्ण रूपमा बगाएको उहाँले बताउनुभयो । पहिरोले घरमा रहेका अन्नपात, सरसामान, गरगहना तथा नगदसमेत बगाएको प्रहरीले जनाएको छ। घटनामा मानवीय क्षति भने भएको छैन।

पहिरोका कारण डिहीगाउँ-बैरेनी भित्री सडकखण्डमा समेत क्षति पुगेको छ भने सोही स्थानमा रहेका सुकबहादुर दरैको पक्की घर र विष्णुबहादुर दरैको कच्ची घर पहिरोको जोखिममा रहेका छन् । व्यास नगरपालिका-५ चापाघाटमा पहिरो खस्दा पेट्रोलपम्पमा क्षति पुगेको छ। तनहुँ आयल डिस्ट्रीब्युटरको पूर्वतर्फबाट करिब ५० मिटर तल खसेकोपहिरोलेपेट्रोलपम्पकोएक डिजेल ट्याङ्कीसमेत बगाएको छ। पेट्रोलपम्पका दुईवटा एकतले कच्ची भवनसमेत जोखिममा परेको प्रहरीले जनाएको छ।

# फेवातालमा उच्च क्षमताको रेस्क्यू जेट–स्की सञ्चालनमा

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज

विश्व पर्यटन दिवसको अवसर पारेर पोखराको फेवातालमा आपत्कालीन उद्धारका लागि उच्च क्षमताको रेस्क्यू जेट-स्की सञ्चालनमा आएको छ। पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले आइतबार फेवातालमा उक्त रेस्क्यू बोटको उद्घाटन गरेसंगै औपचारिक रूपमा उक्त बोर्ट सञ्चालनमा आएको हो।

तीन जना सिट क्षमताको उक्त रेस्क्यू जेट-स्की प्रतिघण्टा १०५ किलोमिटरसम्मको गतिमा सञ्चालन हुन सक्ने रहेको मेयर आचार्यले बताउनु भयो । फेवातालमा हुन सक्ने डुबान, डुंगा पल्टिने तथा अन्य आपत्कालीन घटनामा शीघ्र उद्धार गर्ने उद्देश्यले यसको प्रयोग गरिने उहाँले जनाउनु भयो।

रेस्क्यू जेट-स्की साउदी अरब सरकारको सहयोगमा प्राप्त भएको हो । साउदी अरब सरकारले कुलेखानी जलाशयमा समेत अर्को यस्तै रेस्क्यू जेट-स्की उपलब्ध गराइएको छ । करिब ४० लाख रुपैयाँ बराबरको लागत रहेको उक्त जेट-स्कीको व्यवस्थापन तथा सञ्चालन सशस्त्र प्रहरी बलले गर्ने भएको छ। उद्घाटनपछि रेस्क्यू जेट-स्कीको नमुना परीक्षणसमेत गरिएको थियो । उच्च गति र उद्धारका लागि उपयुक्त संरचनाका कारण फेवातालमा आपत्कालीन अवस्था सिर्जना हुँदा उद्धार टोलीलाई घटनास्थलसम्म छिटो पुग्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । विश्व पर्यटन दिवसको अवसरमा सञ्चालनमा ल्याइएको रेस्क्यू जेट-स्कीले फेवातालमा पर्यटकको सुरक्षा व्यवस्थालाई थप मजबुत बनाउने अपेक्षा गरिएको कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले बताउनु भयो । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले फेवातालमा पर्यटकको सुरक्षित अनुभव सुनिश्चित गर्न उद्धार प्रणालीलाई थप प्रभावकारी बनाउनु आवश्यक रहेको बताउँदै नयाँ उद्धार बोटले आपत्कालीन अवस्थामा महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

फेवातालमा पछिल्लो समय पर्यटकहरू डुब्ने तथा हावाहुरीका कारण डुंगा पल्टिने जस्ता घटना दोहोरिँदै आएका छन्। नयाँ उद्धार बोट सञ्चालनमा आएसँगै यस्ता घटनामा उद्धार कार्यलाई थप छिटो, सुरक्षित र प्रभावकारी बनाउन सकिने कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो । उहाँका अनुसार फेवातालमा पर्यटकको सुरक्षा सुनिश्चित गर्न प्रशासन, महानगरपालिका, सुरक्षा निकाय र स्थानीय वासीबीचको समन्वय आवश्यक छ।

पोखराको पर्यटन क्षेत्रलाई सुरक्षित बनाउन सबै पक्षको साथ र सहकार्य अपरिहार्य रहेको उहाँले बताउनुभयो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# चोलेन्द्र पक्रेर न्यायालय नतर्साउ

उपत्यका अपराध अनुसन्धान कार्यालयको टोली आइतबार बिहान मध्यराति एकाएक पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई विनापुर्जी पक्राउ गरेपछि सरकारको चरित्र उदाङो भएको छ । चौतर्फी दबाब पछि पूर्वप्रधानन्यायाधीश जवरालाई "सुरक्षित ठाउँमा" लगेर छाडेको छ । उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको टोली बिहान ३ बजे उनको निवासमा पुग्दा घरका सबै सदस्य निद्रामा थिए । तर, प्रहरी पुगेको थाहा पाएपछि हल्लीखल्ली भयो । टोलीले जबरालाई सुरक्षा चुनौती भएको भन्दै आफूहरूसँगै जानुपर्ने बतायो । पूर्वप्रधानन्यायाधीश जबरा अलमलमा परे । 'यहीँ सुरक्षाकर्मी थपिदिनुस्,' उनले प्रहरी अधिकृतहरूलाई आग्रह गरे ।

टोलीले जेनजी लगायत अरू पक्षबाट चुनौती भएको भन्दै सँगै जानुपर्ने दोहोऱ्याए । त्यसपछि केही बेरमा फर्किनुहुन्छ भन्दै उनलाई प्रहरीले लिएर गयो । 'न पक्राउ पुर्जी दिइयो न केही आरोपबारे भनियो । 'त्यसको केही घन्टापछि पूर्वप्रधानन्यायाधीश पक्राउ परेको भन्दै छ्याछ्याप्ती समाचार आउन थाले ।' उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी अधिकारीहरूले 'केही विषयमा उनीविरुद्ध उजुरी परेको' भन्ने उत्तर दिए । तर, उजुरीको विस्तृत विवरण खुलाइएन । माथिल्लो तह (प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय) बाटै आएको निर्देशनपछि टोली जबरा निवासमा पुगेको थियो । त्यतिञ्जेल प्रहरी अधिकृतहरूलाई उनलाई कुन विषयमा मुद्दा चलाउने वा के गर्ने भन्ने कुनै जानकारी थिएन । तत्काल नियन्त्रणमा राखिराख्न सक्ने कुनै विषय थिएनन् ।

विषय ट्वीष्ट गरि जबरालाई सुरक्षा चुनौती भएपछि कार्यालयमा ल्याइएको जिकिर प्रहरीको रह्यो । पूर्वप्रधानन्यायाधीशका रूपमा राज्यबाट २४ सै घन्टा सुरक्षा पाइरहेका जबरालाई कोबाट सुरक्षा चुनौती भयो भन्ने सरकारले खुलाएन । छुट्नुहुन्छ, मुद्दा चल्ने वा त्यस्तो केही होइन । भनेर विषयलाई हल्का बनाउने काम गरेको छ। 'पूर्वप्रधानन्यायाधीशमाथि सुरक्षा चुनौती हुनुपर्ने कारण भएको भए पनि घरमा प्रहरी वा सुरक्षाकर्मी थप गर्न सकिन्थ्यो ।

देशको २९ औं प्रधानन्यायाधीश भएको व्यक्तिलाई किन गिरफ्तार गरियो त्यो शैलीमा प्रधानमन्त्री न्यूयोर्कबाट फर्किएको केही घण्टामै ? यसको जवाफ प्रहरी संस्थालाई मुट्ठीमा राख्ने र विभागीय नेतृत्व सम्हालेका गृहमन्त्रीले दिनै पर्छ। राष्ट्रिय स्वतन्त्र पार्टीका नेताको पक्षमा फैसला दिनेलाई चार दिनका लागि भने पनि पदोन्नति गरिएको छ । त्यही सेरोफेरोमा एकजना पूर्व प्रधानन्यायाधीशलाई छानविनका लागि भन्दै देखिने गरी अपमान गर्न आपत्तिजनक शैलीमा गिरफ्तार गरिएको छ । न्यायपालिकालाई मुठ्ठीमा राख्न अपमान गर्ने वालेन्द्र सरकारको चाहना र उसको यो उच्छृखल शैली संसदमा प्रकट भएको थियो । नेपाली उखान "नाङ्लो ठटाएर हात्ती तर्साउने" जस्तै चोलेन्द्र पक्राउ गरेर न्यायालय तर्साउन खोजेको हो भने अलोकतान्त्रिक र निरंकुश सत्ताको पतन पनि चाँडै हुनेछ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# आश्विन कृष्ण पक्षः सोह्र श्राद्ध (पितृ पक्ष)

**रासस**
काठमाडौं, ११ असोज

प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि सुरु हुने सोह्र श्राद्ध अर्थात् पितृ पक्ष आइतबारदेखि विधिवत् आरम्भ गरिँदै छ ।

आरम्भका दिन आइतबार प्रतिपदा तिथि श्राद्ध गर्नुपर्ने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले स्वीकृति दिएका पात्रो (पञ्चाङ्ग) मा उल्लेख गरिएको छ । प्रतिपदा तिथि श्राद्धको पिण्डदान अपराह्नपछि गर्नुपर्ने समितिका पूर्वसदस्य एवं धर्मशास्त्रविद् प्रा डा देवमणि भट्टराईले राससलाई जानकारी दिनुभयो ।

आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोह्रवटा तिथिमा दिवङ्गत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले सोह्रश्राद्ध भनिएको हो । यो समयलाई अपर, प्रेत पक्ष आदि नामले पनि बुझिन्छ । चाडपर्व यज्ञयागादि तथा ठूला कार्य गर्नुअघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्पराअनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो । यस समयमा पितृले आश गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ । यसरी सोह्र श्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्वबोध पूरा हुनाका साथै पितृ ऋणबाट पनि मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ । यो पक्षमा श्राद्ध नगर्दा अक्षम्य दोष लाग्छ भन्ने शास्त्रीय वचनका आधारमा श्राद्ध गर्ने गरिएको धर्मशास्त्रविद् एवं समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ । सोह्र श्राद्ध अपराह्न कालमा गर्नुपर्छ भन्ने शास्त्रीय वचन रहेको पनि उहाँले बताउनुभयो । जाताशौच, मृताशौच र पत्नी रजस्वला भएका अवस्थामा बाहेक सोह्र श्राद्ध छोड्नु नहुने धर्मशास्त्रविद् गौतम बताउनुहुन्छ । कारणवश सोह्र श्राद्ध रोकिँदा शास्त्रमा अनेक विकल्प दिइएका छन् । सोह्र श्राद्धकर्ताले आफ्ना पिताको तिथिमा गर्नुपर्ने विधान छ । आपत् धर्मअनुसार कुनै कारणवश अड्किएमा आश्विन कृष्ण औँसीदेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद्हरूको भनाइ छ । यो समयमा पनि कारणवश सोह्र श्राद्ध गर्न नसकिएमा कार्तिक कृष्ण औँसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिन्छ । कार्तिक कृष्ण औँसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने धर्मसिन्धु नामक शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको छ ।

आश्विन शुक्ल पञ्चमीपछिका अष्टमी, द्वादशी र औँसी, भरणी नक्षत्र र व्यतीपात योग परेका दिन जुनसुकै तिथि परे पनि रोकिएको सोह्र श्राद्ध गर्न सकिने शास्त्रीय विकल्पसमेत निर्णयसिन्धु, धर्मसिन्धुलगायत धर्मशास्त्रका ग्रन्थमा दिइएको नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुखसमेत रहनुभएका समिति सदस्य प्रा डा भट्टराईले जानकारी दिनुभयो ।

त्यसपछि पनि सोह्रश्राद्ध गर्न नसकिएमा सक्नेले आफैँ नसक्नेले ब्राह्मणमार्फत दैनिक १०८ मन्त्र जप गर्न सकिने शास्त्रीय विकल्प रहेको उहाँले बताउनुभयो । विधिपूर्वक यस्तो जप १० महिनासम्म गर्नुपर्छ । यो विधिबाट पनि पितृले तृप्ति प्राप्त गर्ने धार्मिक विश्वास छ । सोह्र श्राद्ध अपराह्नकाल पारेर पिताका तिथिका दिन गर्नुपर्नेमा कतिपय पुरोहितले आफूअनुकुल बिहानै श्राद्ध गर्नु भन्ने गरेको जानकारी आएकाले त्यो शास्त्रसम्मत नभएको धर्मशास्त्रविद्हरु बताउँछन् । पितृ पक्षको समाप्तिसँगै दुर्गा पक्ष अर्थात् बडादसैँ सुरु हुन्छ । बडादसैँ मनाउनुअघि पितृ तृप्तिका लागि सोह्र श्राद्ध गर्ने गरिएको धर्मशास्त्रीय मत छ । ठूला पर्व वा चाड मनाउनुअघि पितृतृप्तिको कर्म गर्ने वैदिक सनातनी परम्परा छ । यस वर्ष गत जेठ महिनामा अधिकमास परेकाले सोह्र श्राद्ध र बडादसैँ पर्व पछि सरेको छ ।

# रेनोभा हस्पिटलको रक्तदान कार्यक्रमबाट ३६ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

पोखरा-६, बैदामस्थित रेनोभा हस्पिटलले सामाजिक उत्तरदायित्वअन्तर्गत आयोजना गरेको रक्तदान कार्यक्रममा ३६ युनिट रगत संकलन भएको छ ।

हस्पिटलका अध्यक्ष ड.डार्विन लामिछानेको अध्यक्षतामा तथा पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । देशका विभिन्न स्थानमा देखिएको बाढीपहिरो तथा सक्रिय मनसुनका कारण स्वास्थ्य क्षेत्रमा पर्न सक्ने चुनौतीलाई मध्यनजर गर्दै बिरामीलाई आवश्यक पर्ने रगतको सहज उपलब्धतामा सहयोग पुऱ्याउने उद्देश्यले प्रतिकूल परिस्थितिका बाबजुद रक्तदान कार्यक्रम आयोजना गरिएको हस्पिटलका प्रबन्ध निर्देशक डा. भुपेन्द्र शर्माले जानकारी दिए । नेपाल रेडक्रस सोसाइटी कास्की रक्तसञ्चार केन्द्रको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रममा हस्पिटलका कर्मचारी, स्वास्थ्यकर्मी तथा सर्वसाधारणको सहभागिता रहेको थियो। कार्यक्रममा कुल ३६ पिन्ट रगत संकलन भएको आयोजकले जनाएको छ ।

रेनोभा हस्पिटलले विशेषज्ञ चिकित्सक तथा दक्ष नर्सिङ जनशक्तिमार्फत गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको जनाएको छ । हस्पिटलमा आधुनिक प्रयोगशाला, एक्स-रे सेवा तथा सुविधासम्पन्न कोठा र क्याबिनको व्यवस्था रहेको छ ।

पोखराको प्रमुख पर्यटकीय क्षेत्र बैदाममा अवस्थित हस्पिटलले स्थानीय बासिन्दाका साथै आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी स्वास्थ्य उपचार तथा उपचारपश्चात्को सेवा समयमै उपलब्ध गराउने उद्देश्यले सेवा सञ्चालन गरिरहेको हस्पिटलका बजार व्यवस्थापक नवराज कोइरालाले बताए । सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै आगामी दिनमा पनि स्वास्थ्यसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने हस्पिटलले जनाएको छ ।

# तनहुँका ६७ हजार परिवारको जीविकासँग जोडिँदै सामुदायिक वन

**पोखरापत्र संवाददाता**
तनहुँ, ११ असोज

तनहुँ जिल्लाका वन क्षेत्रबाट ६७ हजार ९६७ परिवार लाभान्वित भएका छन् । जिल्लाका १० पालिकाका ६४ हजार आठ सय ४२ दशमलव ४८ हेक्टर वन क्षेत्रबाट उनीहरू लाभान्वित भएके डिभिजन वन कार्यालयले जनाएको छ ।

वन कार्यालयका प्रमुख मनोज रानाभाटका अनुसार वन क्षेत्रबाट तीन लाख ७९ हजार सात सय १७ जना लाभान्वित भएका छन् । जिल्लाभर छ सय २४ सामुदायिक वन छन् ।

देवघाट गाउँपालिकाका ३९ वनबाट तीन हजार ३५६ परिवार, आँबुखैरेनी गाउँपालिकाका ३४ वनबाट तीन हजार ९९ परिवार, बन्दीपुर गाउँपालिकाका ३८ वनबाट चार हजार ५४९ परिवार, भानु नगरपालिकाका ९६ वनबाट १० हजार ३९० परिवार, व्यास नगरपालिकाका १०९ वनबाट १४ हजार २६४ परिवा लाभाविन्वत भएका छन् । यसैगरी, म्याग्दे गाउँपालिकाका ५३ वनबाट छ हजार ६५० परिवार, शुक्लागण्डकी नगरपालिकाका ८५ वनबाट नौ हजार ७७१ परिवार, भिमाद नगरपालिकामा ५० वनबाट चार हजार ६१६ परिवार, घिरिङ गाउँपालिकाका ४९ वनबाट चार हजार १९९ परिवार र ऋषिङ गाउँपालिकाका ७१ वनबाट सात हजार ७३ परिवार लाभान्वित भएका अध्यक्ष रानाभाटले राससलाई जानकारी दिनुभयो ।

ती सामुदायिक वनबाट एक लाख २२ हजार ३९ दशमलव ९९ क्युफिट काठ र एक सय ६३ दशमलव ७६ क्युफिट अन्य वनजन्य वस्तु उत्पादन भएका छन् ।

सामुदायिक वनले स्थानीय समुदायको दाउरा, काठलगायत वन पैदावारको आवश्यकता पूरा गर्नाका साथै वन संरक्षण र व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । वनबाट प्राप्त स्रोतको उपयोगसँगै वन संरक्षणमा स्थानीय उपभोक्ताको सहभागिता बढाउन सामुदायिक वन व्यवस्थापन प्रणाली प्रभावकारी माध्यम बनेको अध्यक्ष रानाभाटको कथन छ ।

# बागलुङका दश स्थानीय तहमा कांग्रेसको नेतृत्व चयन

**पोखरापत्र संवाददाता**
बागलुङ, ११ असोज

नेपाली कांग्रेसको १५ औं महाधिवेशनअन्तर्गत बागलुङका दश वटै पालिकामा नेतृत्व चयन भएको छ । गाउँ तथा नगर अधिवेशनअन्तर्गत नौ स्थानीय तहमा सर्वसम्मत र एकमा मतदानमार्फत नेतृत्व चयन भएको हो ।

जिल्लाका ८५ वडामा वडा अधिवेशनपछि वडा सभापतिसहितको नेतृत्व चयनपश्चात् सबै स्थानीय तहमा गाउँ तथा नगर सभापतिसहित नेतृत्व चयन भएको नेपाली कांग्रेसकासचिव हरिहर शर्माले जानकारी दिनुभयो । बागलुङ नगरपालिकाको सभापतिमा नारायण पौडेल, ढोरपाटन नगरपालिकाको नगर सभापतिमा दीपक अदै र जैमिनी नगरपालिकाको सभापतिमा काशिराम आचार्य चयन सर्वसम्मत चयन हुनुभएको छ । यसैगरी, गलकोट नगरपालिकामा हिमबहादुर भण्डारी सभापतिमा निर्वाचित हुनुभएको छ । उहाँले १७१ मत प्राप्त गर्नुभएको थियो । उहाँका प्रतिस्पर्धी पवन हमालले ८७ मत प्राप्त गर्नुभयो ।

ताराखोला गाउँपालिकाको सभापतिमा भीमबहादुर रोका, बरेङ गाउँपालिका सभापतिमा मोतिराम गौतम, काठेखोला गाउँपालिका सभापतिमा ज्ञामनाथ कँडेल, बडिगाड गाउँपालिका सभापतिमा रणबहादुर भुजेल, निसीखोला गाउँपालिका सभापतिमा खिमबहादुर कार्की र तमानखोला गाउँपालिका सभापतिमा झकबहादुर बुढा चयन हुनुभएको छ ।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २२ (साविक पुम्दी भुम्दी गाविस वडा नं.०७) निवासी भारतीय भु.पु.सै.नं. JC211432Y का सुवेदार हनेरी ल्याप्टेन चेत बहादुर गुरुङको माग निवेदन अनुसार निजको श्रीमती देवी गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर देवी गुरुङ (Devi Gurung) र जन्ममिति वि.सं. २०१३।११।१२ (ई.सं.१९५७।०२।२३) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर देवी कुमारी गुरुङ र जन्ममिति ई.सं.१९५७।१०।२०उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २२ नं. वडा कार्यालयको च.नं. ४६० मिति २०८३।०५।०८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा

प्रस्तुत विषयमा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ३२ निवासी भारतीय भु.पु. सैनिक नं. जेसी ६२९३७२L सु.ह.ले.शेर बहादुर क्षेत्रीको माग निवेदन अनुसार निजको तपशिल बमोजिमका परिवारका सदस्यहरुको नेपाली नागरिकता प्रमाणपत्रमा र भारतीय पेन्सन पट्टामा नामथर र जन्ममिति फरक पर्न गएता पनि उक्त व्यक्तिहरु फरक नभई एउटै व्यक्तिहरु भएको वेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३२ नं. वडा कार्यालयको च.नं. ६८६ मिति २०८३।०६।०६ को सिफारिस पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

| क्र.सं. | नामथर | नाता | ना.प्र.मा जन्म मिति वि.सं. | भारतीय पेन्सन अभिलेखमा नामथर | भारती अभिलेखमा जन्ममिति ई.सं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शेर बहादर शाही भन्ने शेर बहादुर क्षेत्री | पेन्सनर | २०१५।११।१७ | शेर बहादुर क्षेत्री | १९५९।०२।२८ | जिवित |
| २ | अन्तीदेवी शाही भन्ने अन्ती देवी क्षेत्री | श्रीमती | २०१९।०६।०४ | अन्ती देवी क्षेत्री | १९६२।०९।२० | जिवित |
| ३ | मिठु माया मल्ल | छोरी | २०४०।११।२२ | मिठि कुमारी | १९८५।०२।२५ | जिवित |
| ४ | रमेश शाही | ठुलो छोरा | २०४२।१०।११ | रमेश क्षेत्री | १९८६।०१।२६ | जिवित |
| ५ | विक्रम शाही | कान्छो छोरा | २०४६।०३।१५ | विक्रम क्षेत्री | १९८९।०६।०१ | जिवित |

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक राम्चे गा.वि.स. वडा नं. ९, हाल अन्नपूर्ण गाउँपालिका वडा नं. ८ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५७३६७९६, हवल्दार दल बहादुर पुनको श्रीमती दिमासिरिको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर दिमाश्री पुर्जा र जन्ममिति वि.सं. २००५/१०/०६ उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर दिमासिरि (DIMASIRI) र जन्ममिति ई.सं. १९४९/०१/२१ उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित अन्नपूर्ण गाउँपालिका ८ नं. वडा कार्यालयको च.नं. १९०, मिति २०८३/०६/०५ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही बमोजिम सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय म्याग्दी, बेनी**

# बाढी र झरिको असर पर्यटन व्यवसायमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ११ असोज

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा रहेको अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्गको हुमखोलास्थित रेष्टुरेन्टका सञ्चालक तेज गुरुङलाई यसअघिका वर्षहरूमा असोजको पहिलो सातादेखि नै फुर्सद हुँदैनथ्यो।

असोज-कात्तिकको शरदयाम भ्रमणका लागि आउने पाहुनाहरूको स्वागत, सत्कार र व्यवस्थापनमा सक्रिय हुनुपर्ने समयमा गुरुङ होटल बन्द गरेर नारच्याङस्थित घरमा झरेको शनिबार चार दिन पुगेको छ। "मुख्य पर्यटक यामको मुखमा आएको रसुवा बाढीका कारण धेरै विदेशी पर्यटकले नेपालको भ्रमण रद्द गरेका थिए, अलिअलि आउन थालेका पर्यटकलाई पनि केही दिनदेखिको झरीले रोकेको छ", उहाँले भन्नुभयो, "पछिल्लो एक वर्षयता पर्यटन व्यवसाय लयमा फर्कन सकेको छैन ।" गत वर्षको शरदयामको सम्मुखमा भएको नवयुवा आन्दोलन, वसन्तयाममा रुस-युक्रेन द्वन्द्वको असर तथा यसपालि भोटेकोशी बाढी र झरीका कारण म्याग्दीका पर्यटकीयस्थलमा चहलपहल बढ्न सकेको छैन । घोडेपानी पुनहिल, धवलागिरि चक्रीय, ढोरपाटन, गुर्जा, गुरिल्ला, अन्नपूर्ण-धवलागिरि, खोपारा, तातोपानी कुण्ड, टोड्के, रुप्सेलगायत पर्यटकीयस्थल हिजोआज सुनसान बनेका छन् । झरीका कारण सडक तथा पैदलमार्ग अवरुद्ध भएकाले पाहुना र पर्यटक रोकिएका बेनी-जोमसोम सडकअन्तर्गतको भुरुङ्ग-तातोपानीका होटल व्यवसायी अमृतमान शेरचनले बताउनुभयो । "पर्यटन व्यवसायी र मजदुरमात्र नभएर तरकारी उब्जाउने किसान, दूध बेच्ने किसानदेखि माछा मारेर जीविकोपार्जन गरेकाहरूलाई यसले असर पुगेको छ", उहाँले भन्नुभयो । सोह्श्रद्धाको समयमा नेपाल र भारतका हिन्दू धर्मावलम्बीहरू दिवङ्गत पितृहरूको नाममा पिण्ड दान गर्नका लागि मुस्ताङको कागबेनी जाने गर्छन् । गत वर्ष सोह्श्रद्धाअघि भएको नवयुवा आन्दोलनका कारण अपेक्षाकृत सङ्ख्यामा पिण्डदानका लागि भक्तजन सडकमार्ग भएर मुस्ताङ जान पाएका थिएनन् ।

यसपालि सडक अवरोधको असर सोह्श्राद्धको समयमा कागबेनीमा पिण्डदान गर्न जाने भक्तजनहरूमा पर्ने देखिएको व्यवसायी शेरचनको भनाइ छ । अन्नपूर्ण गाउँपालिका-६ स्थित पर्यटकीयस्थल घोडेपानीका होटल व्यवसायी डमबहादुर पुनले यसपालिको सिजन बाह्य पर्यटकको कमी हुने देखिएको बताउनुभयो। "भोटेकोशी बाढीपछि धेरै पर्यटकहरूले बुकिङ रद्द गरेका छन्", उहाँले भन्नुभयो, "भोटेकोशी र त्रिशूली नदीको बाढीबाट प्रभावितबाहेकका जिल्लाका पर्यटकीयस्थल सुरक्षित छन् भन्ने सन्देश विश्वसामु नपुग्दा नकारात्मक असर देखिएको हो ।" विगतका वर्षमा घोडेपानी नजिकैको पुनहिलमा असोजमा दैनिक ५०० जनाको हाराहारीमा पर्यटक दृष्यावलोकन गर्न जाने गरेकामा यसपालि त्यो सङ्ख्या १०० जनाको हाराहारीमा रहेको पुनले बताउनुभयो।

समुद्री सतहदेखि तीन हजार २१० मिटर उचाइमा रहेको पुनहिल हिमशृङ्खला, सूर्योदय, पहाडी भूगोल, लालीगुराँसको जङ्गल अवलोकनका लागि प्रसिद्ध छ । झरीसँगै प्रतिकूल मौसम र हिमपातका कारण म्याग्दीमा रहेको संसारको सातौँ (आठ हजार १६७) मिटर अग्लो धवलागिरि हिमालमा आएका पर्वतारोहीहरू फर्किएका छन्। धवलागिरि हिमाल म्याग्दीको धवलागिरि गाउँपालिका-४ को भूगोलमा पर्छ। आरोहण टोलीको समन्वय गर्नुभएका म्याग्दीका पर्यटनकर्मी इन्द्रसिङ शेरचनले आधार शिविरमा रहेका ३० जनाको विदेशी पर्वतारोही टोली बिहीबार फर्किएका जानकारी दिनुभयो । "असोज ९ देखि ११ गतेसम्म भीषण वर्षा हुने पूर्वसूचना र प्रतिकूल मौसमका कारण हुनसक्ने सम्भावित जोखिमबाट बच्नका लागि आरोहण टोली सुरक्षित ठाउँमा फर्किएका हुन्", उहाँले भन्नुभयो, "चार दिनपछि मौसम सफा भएमा आरोहणलाई निरन्तरता दिने निर्णय गर्दै तल्लो क्षेत्रमा रहेको इटली आधार शिविर झरेका छन्।" 'एठ के', 'सेभेन समिट' र 'फोरटिन पिक्स' ट्रेकिङ कम्पनीमार्फत गत शनिबार ३० जना विदेशी पर्वतारोही टोली धवलागिरिको आधार शिविर पुगेका थिए। मौसम विज्ञान विभाग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले म्याग्दीलाई पनि बिहीबारदेखि आइतबारसम्म भारी वर्षाका कारण जोखिमयुक्त क्षेत्र पहिचान गरेका छन्। पर्यटन विभागले सार्वजनिक सूचना जारी गरेर हिमाली क्षेत्रमा रहेका पर्वतारोहीहरूलाई सतर्कता अपनाउन र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले मौसम अनुकूल नहुँदासम्मका लागि आधार शिविरतर्फ नजान अनुरोध गरेका छन् । अन्नपूर्ण गाउँपालिका-४ मा रहेको अन्नपूर्ण आधार शिविरको भ्रमणमा गएका पर्यटकहरू पनि फर्किएका र बिहीबारदेखि पदयात्रा बन्द गरिएको छ।

# 'नेपालबाट विश्व जोडिने बाटो फराकिलो बनाऔँ'-गायिका रचना रिमाल

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

विदेशबाट नेपाल फर्किँदा अहिलेसम्म काठमाडौंलाई नै आफ्नो एकमात्र गन्तव्य बनाउँदै आउनुभएकी गायिका रजना रिमाल यसपटक भने दुबईबाट सिधै पोखरा आउनुभएको छ।

काठमाडौंमा बसोबास भए पनि आफ्नै इच्छाले पोखरामा अन्तराष्ट्रिय उडानको प्रबर्द्धन गर्न यसपटक पोखरा हुँदै नेपाल प्रवेश गर्ने निर्णय गर्नुभएकी रिमालले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने अन्तर ाष्ट्रिय उडानको प्रत्यक्ष अनुभव लिनुभएको हो।

फ्लाईदुबईले दुबई-पोखरा नियमित उडान सुरु गरेको केही दिनमै उहाँले दुबईबाट पोखरा यात्रा गर्नुभएको हो। पोखरा आइपुगेपछि सामाजिक सञ्जालमार्फत आफ्नो अनुभव सार्वजनिक गर्दै रिमालले दुबईबाट पोखरा आउँदाको यात्रा निकै आरामदायी र सुखद रहेको बताउनुभएको छ। उहाँले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमार्फत नेपालको एउटा प्रमुख पर्यटकीय गन्तव्य प्रत्यक्ष रूपमा विश्वसँग जोडिँदा सिर्जना हुन सक्ने सम्भावनालाई आफ्नै यात्रामार्फत अनुभव गर्न पाएको उल्लेख गर्नुभएको छ । रिमालले अन्तर ाष्ट्रिय विमानस्थलबाट हुने यस्ता उडानलाई दिगो र विस्तार गर्न नेपालमै रहेका अन्तर्राष्ट्रिय विमानस्थलको प्रयोग महत्वपूर्ण हुने धारणा राख्नुभएको छ।

उहाँले लेख्नुभएको छ, "हामीले आफ्नो अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गर्‍यौं भने मात्र यस्ता उडानहरू दिगो र विस्तार हुने सम्भावना बलियो हुन्छ।"

पोखरालाई विदेशी पर्यटकसँग, नेपाली नागरिकलाई विश्वसँग तथा यहाँको पर्यटन र व्यवसायलाई अन्तर्राष्ट्रिय बजारसँग जोड्ने अन्तर्राष्ट्रिय उडानहरू आगामी दिनमा थप विस्तार हुनुपर्ने उहाँको अपेक्षा छ । "नेपालबाट विश्व जोडिने बाटो अझ फराकिलो बनाऔँ," उहाँले भन्नुभएको छ । यसैबीच, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट फ्लाईदुबईले नियमित उडान सुरु गरेको तेस्रो दिन शुक्रबार मौसमका कारण उडान प्रभावित भएको थियो । अविरल वर्षाका कारण आवश्यक भिजिबिलिटी नपुगेपछि विमानस्थलबाट हुने आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान प्रभावित भएका हुन् । विमानस्थलका प्रबन्धक सूर्यबहादुर खत्रीका अनुसार भिजिबिलिटी नपुगेपछि एकमात्र अन्तर्राष्ट्रिय उडानसमेत रद्द भएको थियो । फ्लाई दुबईले शनिबार पोखराबाट ८५ जना र दुबईबाट गायिका रचना रिमाल सहित १ सय ५६ जना यात्रु पोखरा भित्रिएको पोखरा पर्यटन परिषदका पूर्व अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो । काठमाण्डौंको जस्तो भिजिविलिटि कम हुँदा जडान गरीने सिस्टम आरएनए ए आर पोखरामा पनि जडान गर्नुपर्ने उहाँले माग गर्नु भएको छ।

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक शिख गा.वि.स. वडा नं. ४ हाल अन्नपूर्ण गाउँपालिका वडा नं. ५ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५७४९१५५ A, टेक बहादुर पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर टेक बहादुर रन्तिजा पुन उल्लेख भएको र निजको सैनिक अभिलेखमा नामथर टेक बहादुर पुन उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित अन्नपूर्ण गाउँपालिका ५ नं. वडा कार्यालयको च.नं. २२६, मिति २०८३/०६/०६ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही बमोजिम सिफारिस गरिन्छ।

**जिल्ला प्रशासन कार्यालय म्याग्दी, बेनी**

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक शिख गा.वि.स. वडा नं. ४ हाल अन्नपूर्ण गाउँपालिका वडा नं. ५ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५७४९१५५ A, टेक बहादुर पुनको श्रीमती फुल माया पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर फुल माया रन्तिजा पुन उल्लेख भएको र निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर फुल माया पुन उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित अन्नपूर्ण गाउँपालिका ५ नं. वडा कार्यालयको च.नं. २२५, मिति २०८३/०६/०६ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही बमोजिम सिफारिस गरिन्छ।

**जिल्ला प्रशासन कार्यालय म्याग्दी, बेनी**

# पूर्वप्रधानन्यायाधीश जबरालाई निवासमै सुरक्षा प्रदान गरिने

**रासस**
काठमाडौं, ११ असोज

पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरालाई सुरक्षा खतरा देखिएकाले उहाँको निवासमै सुरक्षा प्रदान गरिएको नेपाल प्रहरीले स्पष्ट पारेको छ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक सन्तोष खड्काले पूर्वप्रधानन्यायाधीश जबराको सुरक्षा खतराको विषय उठेपछि उहाँलाई सुरक्षा दिएर राखिएको जानकारी दिनुभयो।

"उहाँको सुरक्षाका विषयमा हामी संवेदनशील थियौं, केही सुरक्षा खतराको कुरा आयो। प्रहरीको निगरानीमा



उहाँलाई सुरक्षा दिएर राखेका थियौँ", खड्काले भन्नुभयो, "उहाँले आफूलाई निवासमा सहज हुने भन्नुभएकाले अब उहाँलाई घरमै सुरक्षा प्रदान गर्छौं ।" सुरक्षा खतरा ठहर भएपछि पूर्वप्रधानन्यायाधीश जबरालाई गएराति सुरक्षित स्थानमा राखिएको प्रहरीले जानकारी दिएको छ।

# कमलपोखरी सहकारी संस्थाको १८ औं साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज



पोखरा महानगरपालिका वडा नं १३ बाँझापाटन स्थित कमलपोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १८औँ वार्षिक साधारण सभा शनिवार सम्पन्न गरेको छ।

साधारण सभाले संस्थाको आर्थिक तथा संस्थागत गतिविधिको समीक्षा गर्दै आगामी यात्रालाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । सहकारीका पूर्वअध्यक्ष एवं सल्लाहकार रामबहादुर कार्कीले सबैको सक्रियतामा सञ्चालित आफ्नै सहकारी भएकाले शेयर सदस्यलाई ढुक्क भएर आर्थिक कारोबार गर्न अनुरोध गरे । कार्कीले सदस्यको विश्वास नै सहकारीको सबैभन्दा ठूलो पूँजी भएको बताए। सभामा सहकारी अध्यक्ष माधवप्रसाद आचार्य, सचिव कृष्णबहादुर क्षेत्री (कुमार), कोषाध्यक्ष रमेशराज पौडेल तथा लेखा सुपरिवेक्षण समितिका संयोजक किरण सिग्देलले प्रस्तुत गरेका प्रतिवेदनमाथि छलफल गरी सर्वसम्मत रूपमा पारित गरिएको थियो । उपाध्यक्ष एवं कार्यक्रम संयोजक इन्द्रबहादुर कुँवरले स्वागत गरेका थिए भने शिक्षा उपसमिति सदस्य शान्तिदेवी केसी पौडेलले सहकारीका सात सिद्धान्त वाचन गरेकी थिइन्।

साधारण सभाले उत्कृष्ट कारोबार गर्ने शेयर सदस्य तथा शैक्षिक क्षेत्रमा उत्कृष्ट नतिजा हाँसिल गर्ने विद्यार्थीलाई सम्मान गर्दै आर्थिक अनुशासनसँगै शिक्षा र प्रतिभाको कदर गर्ने सन्देशसमेत दिएको छ। उत्कृष्ट कारोबारीका रूपमा रामबहादुर कार्की र वसन्तकुमारी रानाभाट सम्मानित भए भने उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई शैक्षिक सम्मान प्रदान गरियो। कार्यक्रममा सल्लाहकार परिषद्का सदस्य माधवप्रसाद बास्तोलाले संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरे । शैक्षिक सम्मानबाट सम्मानित आरध्या बास्तोलाले परीक्षा ज्ञानको मात्र नभई विद्यार्थीको धैर्य, स्थिरता र साहसको समेत परीक्षा भएको बताउँदै सम्मानले विद्यार्थीमा थप हौसला र आत्मविश्वास बढाउने धारणा व्यक्त गरिन् । कार्यक्रमको व्यवस्थापन शिक्षा संयोजक गोविन्द गौतम र सञ्चालन सचिव कृष्णबहादुर क्षेत्री (कुमार) ले गरेका थिए।

# शुभकामना सहकारीको अध्यक्षमा गोपाल घिमिरे

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

शुभकामना वचत तथा ऋण सहकारी संस्था लि.को छैठौं अधिवेशन तथा १७ औं साधारण सभाले गोपाल बहादुर घिमिरेलाई संचालक समितिले अध्यक्षमा निर्विरोध निर्वाचित गरेको छ।

निर्विरोध निर्वाचित अन्य पदाधिकारीहरु तथा सदस्यहरुमा उपाध्यक्षमा रामचन्द्र आचार्य, सचिवमा टेकराज तिमिल्सिना, कोषाध्यक्षमा हर्कबहादुर भण्डारी र सहसचिवमा टुक बहादुर खत्री हुनुहुन्छ । सदस्याहरुमा क्षेत्र बहादुर के.सी., प्रकाश वरुवाल, कमल कुमारी के.सी. र मिरा गिरी हुनुहुन्छ। त्यस्तै लेखा समितिको संयोजकमा हिमलाल भूषाल र सदस्यहरुमा नारायण वरुवाल र प्रेम कुमारी वरुवाल निर्वाचित हुनुभएको छ।

निर्वाचन सिमतिका संयोजक महेन्द्र पराजुलीले निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई पद तथा गोपनियताको शपथ गराउनुका साथै निर्विरोध निर्वाचित भएको प्रमाण पत्र प्रदान गर्नुभएको थियो। संस्थाको छैठौं अधिवेशन तथा १७ औं साधारण सभामा नयाँ संचालक समिति



तथा लेखा समितिको निर्वाचन गर्न महेश पराजुलीको संयोजकत्वमा ३ सदस्यीय निर्वाचन समिति गठन भएको थियो। सदस्यहरुमा दल बहादुर जि.सी. र रामचन्द्र पौडेल रहनु भएको थियो । नवनिर्वाचित संचालक समितिलाई निर्वाचन समितिका संयोजक तथा निर्वाचन अधिकृत महेश पराजुलीले बधाई ज्ञापन गर्नु भएको थियो । यस अघि संस्थाका निवर्तमान अध्यक्ष प्रेम शंकर बरुवालको सभापतित्वमा संस्थाको अधिवेशन तथा साधारण सभाको उद्घाटन प्रमुख अतिथि तथा जेष्ठ शेयर सदस्य दिल बहादुर बरुवालले गर्नु भएको थियो । कार्यक्रममा संस्थाका सचिव ठाकुर प्रसाद सापकोटा कोषाध्यक्ष हर्क बहादुर भण्डारी र लेखा संयोजक हिमलाल भुषालद्धारा वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । साथै अध्यक्ष प्रेम शंकर वरुवालले भावी नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको थियो । संस्थाले ज्येष्ठ सदस्य चिरिञ्चिवी श्रेष्ठलाई सम्मान गरेको थियो भने प्लस २ उत्तीर्ण शेयर सदस्यहरुका छोराछारीहरु मध्ये उत्कृष्ट नक्बर ल्याउने एक जना छात्र र एक जना छात्रालाई सम्मान गरेको थियो।

संस्थाको अधिवेशनको समुद्घाटन सत्रमा नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका सभापति रमेश पौडेलले शुभकामना व्यक्त गर्नुभएको थियो । साथै संस्थापक अध्यक्ष नर बहादुर कार्की, निर्वाचन समिति संयोजक तथा संस्थापक सल्लाहकार महेश पराजुली एवम् ज्येष्ठ शेयर सदस्य चिरिञ्चिवी श्रेष्ठले शुभकामना मन्तव्य राख्नु भएको थियो। पोखरा-८ सृजनाचोकमा कार्यालय भएको शुभकामना वचत तथा ऋण सहकारी संस्थाको साधारण सभा तथा अधिवेशनको कार्यक्रम संचालन सचिव ठाकुर प्रसाद सापकोटाले र स्वागत मन्तव्य उपाध्यक्ष रामचन्द्र आचार्य राख्नु भएको थियो।

# मर्स्याङ्दी आधारभूत विद्यालयमा स्टेशनरी र छात्रवृत्ति वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, ११ असोज

'सेवा नै सबैभन्दा ठूलो धर्म हो' भन्ने मूल नाराका साथ लायन्स क्लब अफ पोखरा चौतारीले गोरखाको पालुङटार नगरपालिका-७ स्थित मर्स्याङ्दी आधारभूत विद्यालयमा अध्ययनरत विद्यार्थीलाई शैक्षिक तथा स्टेशनरी सामग्री वितरण गर्नुका साथै छात्रवृत्ति प्रदान गरेको छ।

लायन्स क्लब अफ पोखरा चौतारीको वार्षिक नियमित कार्यक्रमअन्तर्गत आयोजित कार्यक्रममा विद्यालयमा अध्ययनरत विद्यार्थीलाई उनीहरूको अध्ययनमा आवश्यक पर्ने विभिन्न स्टेशनरी सामग्री हस्तान्तरण सहित आर्थिक अवस्था कमजोर भएका तथा अध्ययनमा जेहेन्दार चार जना विद्यार्थीलाई छात्रवृत्तिसमेत प्रदान गरिएको हो । डिस्ट्रिक्ट ३२५ बिका गभर्नर लायन प्रजापति बास्तोला बास्तोलाले लायन्स क्लबले सामाजिक तथा मानवीय सेवाका क्षेत्रमा निरन्तर विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो । विद्यार्थीको शैक्षिक यात्रामा सहयोग पुऱ्याउने उद्देश्यले गरिएको सहयोगले बालबालिकालाई अध्ययनप्रति थप उत्साहित बनाउन सहयोग पुग्ने उहाँले बताउनुभयो।

उहाँले शिक्षा क्षेत्रमा गरिएको सहयोग समाज परिवर्तनको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै विद्यार्थीको आवश्यकता र क्षमतालाई ध्यानमा राखेर गरिने यस्ता सहयोगात्मक कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा क्लबका अध्यक्ष गोविन्द ढकालले क्लबले सामाजिक उत्तरदायित्वअन्तर्गत प्रत्येक वर्ष शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवाका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो। आगामी दिनमा पनि आवश्यकताका आधारमा शिक्षा तथा सामाजिक सेवासँग सम्बन्धित कार्यक्रमलाई निरन्तरता दिने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।

क्लबका पूर्वअध्यक्ष तथा कार्यक्रम संयोजक तेजबहादुर भट्टराईले विद्यालयका विद्यार्थीलाई अध्ययनका लागि आवश्यक सामग्री उपलब्ध हुनुका साथै विपन्न तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएकाले कार्यक्रमबाट विद्यार्थी र अभिभावक उत्साहित हुनुभएको बताउनुभयो।

उक्त कार्यक्रममा क्लबका पदाधिकारी तथा सदस्य, स्थानीय समाजसेवी, विद्यालयका शिक्षक-शिक्षिका, विद्यार्थी तथा स्थानीयवासीको उपस्थिति रहेको थियो।